जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

सू.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक २ २०७८ साल साउन १७ गते आइतवार (1 Aug. 2021 Sunday) मूल्य रु. ७/-

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : बट्टाईको अण्डा खानाले ... पृष्ठ ३ मा : जनकपुरको बिकासमा ... पृष्ठ ४ मा : यसरी फेरिँदैछन् सरकारी ... पृष्ठ ५ मा : सुरक्षा कारबाहीको क्रममा ....

# सउबा संघको अध्यक्षको दौडमा आधा दर्जन भन्दा बढी आकांक्षी







**राजबिराज**/सप्तरी उधोग बाणिज्य संघको साधारण सभाको मिती तोकिएसंगै नेतृत्व पंक्तिका लागि सप्तरीका उद्योगी व्यवसायीहरुको चहलपहल सुरु भएको छ ।

संघले शुक्रवार एक सुचना जारी गर्दै आगामी असोज ९ गते शनिवार संघको ११ औं साधारण सभा हुने जानकारी गराएपछि सो चहलपहल सुरु भएको हो ।

संघको चुनावी साधारण सभा भएको तथा आगामी तीन वर्षे कार्याकालका लागी नयाँ नेतृत्वको चयन समेत हुने भएकाले उद्योगी, व्यवसायीहरुमा चुनावी सरगर्मीले माहौल तातेको छ ।

अध्यक्षसहित १४ पदका लागी हुने निर्वाचनको आवश्यक तयारी शूरु गरिसकेको वर्तमान अध्यक्ष अरुण प्रधानले जानकारी दिएका छन् । उनले सदस्यता नविकरणका लागी भदौ २५ गते सम्म अन्तिम म्याद राखिएको र सो पछि आउनेको नविकरण नगरिने निर्णय भएको जानकारी पनि दिए ।

साधारण सभाको सूचना जारि भएसँगै अध्यक्ष पदका लागि आकाँक्षीहरुले चुनावी रणनीति बनाउन थालेका छन् ।

वर्तमान अध्यक्ष प्रधानले भने आफु यस पल्ट चुनाव नलड्ने इच्छा जाहेर गरेका छन् । संघको अध्यक्ष पदका लागी यतिबेला वर्तमान उधोग तर्फका अध्यक्ष शंकर दास, पुर्व अध्यक्ष मनोज मुन्धडा, वर्तमान महासचिव अनन्त साह, पुर्व उपाध्यक्ष लालु प्रसाद अग्रवाल, पुर्व सचिव बैजु जोशी, पुर्व कोषाध्यक्ष रामअषिश स्वर्णकार, युवा व्यवसायी अमृत संचेती, राजेश चौधरी लगायतले सक्रियता बढाएका छन् ।

आकाँक्षीहरु मध्ये कसको पल्ला भारी होला भन्ने आँकलन व्यपारी माझ निकै चर्चा बढेको छ । वर्तमान अध्यक्ष प्रधानले नयाँ नेतृत्वका लागी आफुले सहमति मै चयन गर्ने प्रयास सूरु गरीसकेको बताए ।

अन्तिम क्षणसम्म प्रयास गरिन्छ, उनले भने "सहमतीमा चयन हुन नसके दाबेदार मध्येका नेतृत्व क्षमता भएको, समय दिएर काम गर्न सक्ने र सबैलाई समेटेर संघ र आबद्ध व्यवसायीको हकहितमा काम गर्न सक्ने सक्षम ब्यक्तिलाई मेरो सर्मथन हुने छ ।"

सप्तरीको १८ वटै स्थानीय तहका गरी संघमा करिब २ हजार मतदाता छन् ।

# जसपा संसदीय दलको नेतामा उपेन्द्र यादव चयन

**काठमाडौँ**/जनता समाजवादी पार्टी (जसपा) को संसदीय दलको नेतामा उपेन्द्र यादव चयन भएका छन् ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका यादव सर्वसम्मतिरुपमा दलको नेता चयन भएको सो पार्टीले गठन गरेको निर्वाचन समितिका संयोजक नवराज सुवेदीले जानकारी दिएका छन् ।

दलको शनिबार बसेको संसदीय दलको बैठकमा प्रतिनिधिसभाका २० र राष्ट्रियसभाका दुई सांसदको उपस्थित रहेको थियो ।

नेता यादवलाई संसदीय दलको नेतामा चयन गरियोस् भन्ने प्रस्तावको समर्थकमा डा बाबुराम भट्टराई र प्रस्तावकमा महेन्द्रराय यादव थिए ।

यसअघि निर्वाचन आयोगले यादवले नेतृत्व गरेका जसपालाई आधिकारिता प्रदान गरिसकेको छ । आयोगले आधिकारिता प्रदान गरेपछि जसपा संसदीय दलको बैठक बसेको हो ।

# बैद्य-प्रकाश मानवअधिकार पुरस्कार कर्ण र देवकोटालाई प्रदान



**राजविराज**/बैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट दुई महिला सम्मानित भएकी छिन् ।

बैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोष सप्तरीले महिला जागरण, शसक्तिकरण, अधिकार संरक्षण र चेतना अभिबृद्धिमा योगदान पुऱ्याए वापत प्रदेश २ को आन्तरिक मामिला तथा संचार राजय मन्त्री समेत रहेकी रुबी कर्ण र प्रदेश २ एकल महिला समूहकी अध्यक्ष अनिता अधिकारी देवकोटा सम्मानित भएकी हुन् ।

कोषद्वारा शनिबार २९ औं प्रकाश स्मृति दिवसको अवसर कर्णलाई बैद्य-प्रकाश मानवअधिकारी पुरस्कार २०७७ (पाचौं) र देवकोटालाई बैद्य-प्रकाश मानवअधिकार पुरस्कार २०७८ (छेठौं) बाट सम्मानित गरिएको हो ।

लामो समयदेखी महिला जागरण, सशक्तिकरण तथा अधिकार क्षेत्रमा गरेको योगदानको उच्च मुल्याङ्कन गर्दै कर्ण र देवकोटालाई सम्मान गरिएको कोषका संस्थापक अध्यक्ष बैजनाथ झाले बताए ।

सम्मानित हुनेहरुलाई कार्यक्रमका प्रमुख अतिथि प्रदेश १ का योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले जनही नगद पाँच/पाँच हजार, कदरपत्र तथा दोसल्ला ओढाई सम्मान गरे ।

संस्थापक अध्यक्ष झाको अध्यक्षतामा आयोजित पुरस्कार बितरण तथा सम्मान समारोहमा सहायक प्रमुख जिल्ला अधिकारी नाथु साह, प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरिप्रसाद भट्टराई, प्रदेश २ जेष्ठ नागरिक संघका अध्यक्ष शंकर सारदा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, भिमदल गणका गणपति निरज भण्डारी, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली लगायतले शुभकामना दिएका थिए ।

## ग्लोबल आइएमई बैंक लिमिटेड

## राजविराज शाखा कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

यस ग्लोबल आइएमई बैंक लिमिटेडको राजविराज शाखा कार्यालय स्थानान्तरण भएको हुंदा साबिकको स्थानबाट प्रदान गरिदै आएको सम्पूर्ण बैंकिङ्ग सेवा तथा कारोबार मिति २०७८/०४/१७ गते आइतबार देखि महाविर चौकबाट करिब ५ मिटर दक्षिणतर्फ भिमराज यादवको भवनबाट उपलब्ध गराइने व्यहोरा सम्पूर्ण ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय : राजबिराज, सप्तरी
फोन नं. ०३१-५३३५८२/८३, ९८०२२६१०६३
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## सप्तरी उद्योग बाणिज्य संघ राजविराजको सदस्यता नविकरण सम्बन्धी अत्यावश्यक सूचना

सप्तरी उद्योग बाणिज्य संघको ११ औं साधारण सभा यही २०७८ असोज ९ गते शनिबारका दिन हुने भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ । साथै यस संघका सदस्यहरुले आ-आफ्नो सदस्यता नविकरण मिति २०७८/०५/२५ गते भित्र गराउन हुनका लागि यो सूचना जारि गरिएको छ । उक्त मिति सम्ममा नविकरण नगराएको खण्डमा साधारण सभा र अधिवेशनमा सहभागि हुनबाट बञ्चित भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ ।

**महासचिव**
**अनन्तलाल साह**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

## सम्पादकीय

# तस्करी रोकी राजश्व संकलनमा ध्यान पुगोस्

सप्तरीसहित मधेशको विभिन्न जिल्लाहरुमा खुल्ला सीमानाकाका कारण राजश्व छलेर तस्करहरुले समान वारीपारी गरिरहेकोप्रति सुरक्षाकर्मी तथा भन्सार कार्यालयले निगरानी बढाउनु पर्ने देखिन्छ । हाल कोरोना महामारीका कारण सीमानाकामा मानिसहरुको हिड्डुल न्युन रहेकोले तस्करहरु रातीको समयमा भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार गर्ने गरेका छन् ।

मधेशका अधिकांश जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ । बिहार सरकारले मदिरा बिक्रि बितरणमा पूर्णरुपले रोक लगाएको अवस्थामा अहिलेको नेपालबाट भारत सबैभन्दा बढी मदिराको तस्करी हुने गरेको छ । तस्करहरुले साइकल, मोटरसाइकल तथा हातहातै पनि मदिरा पारी पुऱ्याउने गरेका छन् । मदिरा बिहारमा बढी मुल्यमा बिक्रि समेत हुने गरेकाले साना ठूलो सबै तस्करहरु यसमै केन्द्रित छन् । यस बाहेक भारतमा बढी मुल्यमा बिक्रि हुने सामानहरु नेपालबाट तस्करी समेत हुने गरेको छ । तर, सीमानाकामा तैनाथ सुरक्षाकर्मी समेतलाई प्रलोभनमा पारेर तस्करहरुले राजश्व छल्दै आफ्नो व्यापार फस्टाउँदै गर्दा पनि सम्बन्धीत निकाय मौन छ ।

तसर्थ यस्ता गतिबिधीलाई कडाइका साथ सम्बन्धीत निकाय, स्थानिय प्रहरी प्रशासन तथा स्थानिय पालिका समेतले गम्भिरतापूर्वक अनुगमन र निरिक्षण गरि राजश्व संकलनतर्फ ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# बट्टाईको अण्डा खानाले नसोचेको परिवर्तन आउँछ



नेपालमा बट्टाई पालन निकै फस्टाएको छ । बट्टाईको अन्डा र मासुलाई पौष्टिक खाद्य पदार्थ मानिन्छ । यसको मासुभन्दा पनि अन्डा निकै स्वास्थ्यबर्धक हुने विज्ञहरुको भनाइ छ । बट्टाईको अन्डा स्वास्थ्यका हिसाबले बच्चादेखि वृद्धसम्मलाई फाइदाजनक खुराक मानिन्छ ।

नेपालमा पाँच प्रजातिका बट्टाई पाइन्छन् । तीमध्ये 'कमन क्वेल' बट्टाई पाल्ने सोख र अन्डा वा मासु खाने कार्यमा प्रयोग हुन्छयस् । आजभोलि यसको अन्डा र मासुको व्यापार बढ्दै छ तर लडाउने सोख लोप भइसक्यो भन्दा हुन्छ ।

बट्टाईलाई कागुनोको दाना खुवाइन्छ । अन्डामा भिटामिन ए, डी, बी तथा बी १२, लुटिन तथा जिएजेनथिन लगायतका तत्व पाइन्छ । यी तत्व आँखाका लागि निकै फाइदाजनक मानिन्छ । बजारमा पाइने बट्टाईको अन्डामा अन्य पक्षीको अन्डामाभन्दा धेरै पौष्टिक आहार पाइने गरेको छ ।

संसारभर नै अण्डा खाने प्रचलन रहेको छ । विभिन्न पक्षीहरुको अण्डालाई उसिनेर वा विभिन्न परिकार बनाएर खाने गरिएको छ । यी मध्ये संसारभर सबैभन्दा धेरै चाँहि कुखुराकै अण्डा खाने गरिन्छ । आज हामी बट्टाईको अण्डा खाँदा हुने फाइदाहरुको बारेका कुरा गर्दैछौं ।

बट्टाईको अण्डामा पोषण तत्व एकदमै बढि हुन्छ । बट्टाईको अण्डामा भिटामिन ए, बी, डी र बी १२, लुटिन तथा जिएजेनथीन अधिकमात्रामा हुन्छ । यी भिटामिन आँखाका लागि एकदमै लाभदायक मानिन्छ ।

बट्टाईको अण्डा खाँदा दम, निमोनिया, रुखाखोकी र ग्याष्ट्रिक नियन्त्रण गर्न सकिने विज्ञहरु बताउँछन् ।बट्टाईको अण्डा सुगर र ब्लड प्रेशरका लागि रोगीका लागि पनि फाइदाजनक हुन्छ । शरिरमा रहेको अनावश्यक टक्सिन निकाल्न पनि बट्टाईको अण्डा लाभदायक रहेको छ ।

बट्टाइको अण्डाले मृगौला, कलेजो र गलब्लाडर स्वस्थ राख्न मद्दत गर्छ । हड्डी मजवुत बनाउन, छालालाई एलर्जीबाट बचाउँन, रगत शुद्धिकरण र हेमोग्लोविनको मात्रा बढाउन पनि बट्टाईको अण्डा सेवन गर्नु फाइदाजनक छ । बालबालिकाको शारिरिक वृद्धिमा, स्मरण शक्ति बढाउन, रोगविरुद्ध लड्न सक्ने क्षमताको विकास गर्न र चोटपटक चाँडो निको पार्न पनि बट्टाईको अण्डा खानु फाइदाजनक हुन्छ ।

बट्टाईको अन्डा कसरी खाने ? साधारणतया: बट्टाईको अन्डा काँचो खाँदा राम्रो मानिछ, किनकी यसमा जति पोस्टिक तत्व काँचोमा हुन्छ, त्यति पाकेकोमा हुँदैन । काँचो अन्डा खाँदा खासै स्वाद नहुने हुँदा सुन्तला, आँप या भुइँकटहरको जुसमा फिटेर खाँदा राम्रो मानिन्छ तर अन्डा भने ताजा हुन जरुरी छ ।

बट्टाईको अन्डामा कुखुराको भन्दा चार गुणा ज्यादा प्रोटिन हुने हुँदा यसका विभिन्न परिकार बनाएर खान सकिन्छ । बट्टाईको अन्डाबाट विभिन्न सुप, सलाद, मेन कोर्स र क्यानपी, स्टुहरु बनाउन सकिन्छ । यसलाई उसिनेर बिहानको खाजाको रुपमा पनि लिन सकिन्छ। यसलाई अम्लेट या पोच गरेर पनि सहज रुपमा खान सकिन्छ । एजेन्सी


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# जनकपुरको बिकासमा चरम लापरबाही



**ई. कौशल गोपालवंशी**

हिन्दुधर्मको अति महत्त्वपूर्ण स्थल मध्येको एक जनकपुर स्थल पनि हो । पौराणिक मान्यता अनुसार जीवनमा जनकपुरधामको दर्शन गरिएन भने हिन्दु जीवन अधुरो नै हुन्छन भन्ने भनाई छ । अर्थात जनकपुरको माटो अति पबित्र छ कि यो भुमिमा कुकर्म गरेकोले पाईला टेक्नेसम्म सक्दैन । यहाँका प्रत्येक चोक चोकमा राम सिताको नामको भक्ति भजन सधैं हुन्छ । जनकपुर धार्मिक तथा सांस्कृतिरुपले बिश्व कै पवित्र स्थल हो । यहाँको माटो अति सुन्दर छ कि यो माटोबाट बोटबिरुवा जस्तै सती नारी सिता उम्रेको छ । जब कुनै ठाउको माटोमा बनस्पति जसरी मान्छे उम्रीन छ भने त्यो माटो कति कोमल र पबित्र होला भन्ने कल्पना जोसुकैले पनि गर्न सक्छ। भनेपछि जनकपुर प्रवेश गर्दा स्वर्गको अनुभुती हुनु पर्ने हो तर वास्तविकतामा यो लागू हुदैन ।

हुन त पौराणिक कालमा प्राकृतिक सुन्दरताले भरिभराउ भएर होला, प्राकृतिक सुगन्धले नै जनकपुरको सिमा भित्र प्रवेश गरेको थाहा पाईन्थ्यो । अति राम्रो विकसित वातावरण जहाँको माटोबाट विश्वलाई ज्ञान दिनसक्ने मान्छे उत्पादन हुन्थ्यो त्यो पवित्र भुमिको अहिलेको अवस्था हेर्दा पहिला पहिला भनिएका सबै वाक्यहरु बनावटि लाग्छ । भनेपछि अहिलेको जनकपुरमा पौराणिक बिकासको कुनै पनि सभ्यता अनुसरण गरेको देखिदैन । जुन जनकपुरवाट मानव सभ्यताको बिकासको शुरूवात भएको हो, त्यो जनकपुरको हालको अवस्था हेर्दा ; यहाँ मानव सभ्यता होईन जंगली सभ्यताको अभ्यास भएको पाईन्छ ।

म भर्खरै २ हप्ता अगाडि जनकपुरको भ्रमणमा गएको थिए । जनकपुरको बिकासलाई हेर्दा मैले जनकपुरको बिकास संुगुरको खोर जसरी अगाडि बढेको पाए । भन्दा खेरि तपाईले म माथी आक्रोश पोख्नसक्ने अवस्थामा आउनसक्नु हुन्छ तर वास्तविकता यहि नै हो । जनकपुरमा जुन किसिमको बिकासको गति छ त्यो किसिमको बिकासको गति सुगुरको खोरको बिकास पनि हुन्न । सुगुरको खोर भने पछि कतिपय आवेगमा आउन सक्छ तर मैले तुलना गर्दा बिकासको किसिम र बिकासको चरण खोर जस्तो देखेको पाए ।

जनकपुरमा पुग्दा गाडीको सहचालकले जनकपुरको प्रसिद्ध पिराडी चोकमा झर्न भन्नुभो र म त्यहि झरे । झर्ने वितिकै एक्कासि ठुलो दुर्गन्धित गन्ध आयो मैले हतारमा रुमालले नाक छोपेर सोचे सहरमा विभिन्न किसिमको कार्यहुन्छ ती मध्येको कुनै फोहोर बोक्ने गाडी होला । तर यताउता हेर्दा कतै पनि नगरपालिकाको फोहर बोक्ने गाडी देखिन्न, फेरि सोचे कुनै घरको ढल फुटेको आएको होला तर त्यसको संभावना पनि देखिएन अनि मेरो मन यस्तो पबित्र राजा दशरथले हलो समातेको ल्याण्डमार्क नीर यस्तो गन्ध कहाँबाट आएको होला भन्ने खोज गर्नमन लाग्यो । त्यसपछि पिराडी चोकको गोलो पार्कको पारी तिरजादा पुर्वतिर त्यहाको प्रसिद्ध पाप मोचन सागरको भिरमा थुप्रै फोहोर राखेको देखे अनि त्यो फोहरमा सुगुरहरु खेल्दै गरेको दृश्य देखे । तालको नाम पाप मोचन भएर हो कि त्यो क्षेत्रको सबै फोहोर त्यहको किनारमा राखेर सुगुरले फोहर मोच्दै गरेको देखियो ।

त्यसपछि म सिधा पुरानो ज.चु.का.लि. (जनकपुर चुरोट कारखाना) तिर लागे, कारखाना चलेकोबेलामा मेरो मामा त्यहाको कर्मचारी भएकोले कर्मचारीको आवास र कारखाना जाने बाटो र भित्रीको वातावरणको मलाई सबै राम्रो संग सम्झना छ । त्यही भएर त्यताकै बाटो मैले हिडे । पिराडी चोक देखि चुरोट कारखाना (अर्थात मुख्यमन्त्रीको कार्यालय) सम्मको बाटो भरखरै नया बनेको छ । बाटोमा जाँदै गर्दा थापा चोक भन्दा अलि पर पुग्दा भाजुरत्न नीर अटो झन्डै पल्टेको जस्तो भयो । नया बनेको सडकमा पनि यस्तो हुन्छ भन्दा अटो चालक भन्छ बाटो बनेपछी ट्रक चल्दा यहाको सडक तल दबियो तर अहिलेसम्म मर्मत गरेको छैन, यहाँ नीर अहिलेसम्म १० भन्दा बढी सवारी दुर्घटना भाईसक्यो । कतिको हातखुट्टा भाचियो तर liability period पनि नसकेको सडकमा देखिएको यस्तो patch hola लाई सम्बन्धित समुदाय, सरोकारवाला र निर्माण व्यवसायीको लापरबाहीले सर्वसाधारणको हातखुट्टा भाचिदा पनि कसैले बिरोध नगरेको देख्दा मलाई अचम्म लाग्यो । त्यसै गरि अगाडि जादैगर्दा भरखरै निर्माण सप्पन्न भएको सडकको फुटपाथमा लगाइएको ईन्टरलक ब्लक कुनै ठाउमा भासिएका त कुनै ठाउमा ब्लकको ग्यापमा घास उम्रेको देख्दा निकै अचम्म लाग्यो । यसरी ख्क्ष्ए हिड्ने बाटो समेतको व्यवस्थापन गर्न नसकेको सम्बन्धित सरोकारवालाले के हेरेर बसेको होला । त्यति मात्र कहाँ हो र, फुटपाथको पभचद नीर लाखौंको लगानी गरि संचालन गरिएको पसलहरुले फोहर त्यतिकै फालेको देखियो।यत्रो लगानी लगाउनेले एउटा Medium Size Dustbin किनेर राख्दा नि VIP को बाटो फोहर हुदैनथ्यो होला । त्यस्तै सहरलाई सफा राख्नको लागी ठाउमा Dustbin पनि नगरपालिकाले राख्न नसकेको देखियो । त्यस्तै भरखरै भनेको बाटोमा पनि बाटो दुबै छेउमा माटो र बालुवा रहेको देख्दा नगरपालिकामा ब्रुमर किन राखेको होला भन्ने प्रश्न मनमा आउन थाल्यो ।



त्यति मै मुख्यमन्त्रीको कार्यालय आयो । मैके एक छिन बाहिरबाट भ्याएसम्म चुरोटकारखाना हेरे, चुरोट कारखाना कुनै पनि दृस्टिले मुख्यमन्त्रीको कार्यालय लाग्दैन थियो । भित्र जादा बाटो ग्राभेल कस्तो छ, ईलेक्ट्रकल पोलमा स्ट्रीट ल्याम्प छैन, प्लेयग्राउण्डमा दुवो घाँस छैन, मन्त्रीका आवासहरु पेन्टिङ गरिएको छैन, घर अगाडिको गार्डन व्यवस्थित छैन । आज भन्दा २० बर्ष पहिला आज भन्दा २० गुणा नै राम्रो थियो ।

त्यसपछि म फेरि जनकपुरको प्रमुख प्रवेश द्वारबाट प्रवेश नगरि कसरी जनकपुर भ्रमण हुन्छ त भनि रामानन्द चोक तिर हिडे । पिराडी चोकबाट रामानन्द चोक जादा मैले दुवैतिर फोहोरको ठुलो पर्खालबाट आफू जाँदै गरेको लाग्यो । निर्माणधिन अवस्थामा बाटो खराव हुनु कुनै ठूलो समस्या होइन तर सडकको पेटीमा फोहर थुपारेर राख्नु कतिसम्मको जायज लाग्छ त । अनि यसलाई सुगुरको खोर नभनी के भन्ने त ! त्यति मात्र कहा हो र, रामानन्द चोक नीर बनाइएको नाला हेर्दा बाटोको दुबै तिर फोहरको कन्टेनर नै देखिन्छ । त्यो नालीमा पानी १०% र फोहोर ९०% छ । कुनै बेला त त्यो नालीमा नगरपालिकाले कम्पोस्ट मल बनाउन लागेको हो कि जस्तो नि लाग्थ्यो । यसरी सहरको प्रमुख चोक जहाँ एकदिनमा १० हजार भन्दा बढी मान्छे ओहोरदोहोर गर्छन त्यहा यसरी फोहरको कन्टेनरमा कम्पोस्ट मल बनाउन लाग्ने जस्तो सडकको नालीको अवस्था हेर्दा जनकपुरको बिकास खोर जस्तै अगाडि बढेको देखिन्छ ।

त्यसैगरी रामानन्द चोक देखि जानकी मन्दिर तिर जदा पनि फुटपाथको kerb को छेउमा पसलेहरु फोहोर थुपारेको देख्दा जनचेतनाको अभाव र संकोचित सोच प्रष्ट देखिन्छ । त्यस्तै अगाडि जादैगर्दा ग्रीन सहरको अवधारणा अनुसार सडकको पेटिमा रुख रोपेको देखे । यसरी सडकको पेटिमा रुख रोप्दा त्यसलाई सुरक्षित राख्नको लागि कम्तीमा २ बर्षमा टिक्न सक्ने बाहिर घेरा लगाउनु पर्छ । तर त्यहा रुखलाई सुरक्षीत राख्नको निम्ति बासको घेरा लगाएको देख्दा ठाउठाउमा सुगुरको खोर जस्तो लाग्थ्यो । सहरलाई सौन्दर्यकरण गर्दा हरियो पेन्टिङ भएको तारजालीको घेरा लगाउदा कति राम्रो र टिकाउ हुन्थ्यो होला । त्यहा गाईहरु त्यत्तिकै हिड्ने भएकोले रुखलाई गाईबस्तुबाट बचाउनको लागि तारजाली कै घेरा राम्रो हुन्छ । त्यस्तै रंगभुमि अर्थात बाह्रबिघामा जादा पनि त्यसतै देखे । बाह्रबिघाको चारेकुनामा फोहोरको स्टोर साईट छ । बिश्वको कुनै सहरको बिचमा रहेको मैदानमा यसरी फोहर थुपारेको देख्न मिल्दैन तर जनकपुरमा हेर्न पाईयो । यसरी बाह्रविघालाई पनि सुगुरको खोर जसरी चारेकुनामा फोहोरको थुप्रैले सजाईएको छ । त्यसतै जनकपुरस्थित तलाउ, पोखरीहरुको पनि यहि हाल छ । यी सबै हेर्दा, जनकपुर उपमहानगरपालिका को काम के है भन्ने कुरा मैले बुझ्न सकिन्न । उपमहानगरपालिका ले यसरी आफ्नो मुल सिद्धान्तको कार्य नगरी के काम गर्दै छ त ? नगरपालिकाको प्रमुख काम भनेको नगरलाई सफा, स्वस्थ्य राख्नु नै हो । यी काममा नगरपालिकाको सम्पुर्ण शक्ति लगाउनु पर्छ । नगरलाई सफा र व्यव्स्थित नगरी नगरपालिका कहाँ व्यस्त छ्न भन्ने बुझ्न मन लगेको छ ।

छिमेकी देश भारतमा राममन्दिरको लागी मस्जिद भत्काएर राममन्दिरको निर्माण गरिदैछ तर जानकपुरमा मिठाई पसल बचाउनको लागि जानकी मन्दिरको पर्खाल भत्काएर बाटो बिस्तार गरेको देख्न पाईयो । बिश्वको सबै ठाउँमा सांस्कृतिक सम्पतिलाई संरक्षणमा थुप्रै शक्ति खर्चगरेको देखिन्छ भने जनकपुरमा सबै ठाउमा फोहोर थुपारेर खोर जस्तो बिकास गर्दैछ । जनकपुरको कुनै बिशेष ठाउमात्र नभई सम्पुर्ण जनकपुर क्षेत्र नै सांस्कृतिक सम्पति हो । कुनै पनि बहानामा सांस्कृतिक सम्पतिलाई फोहर गर्न पाइदैन ।



राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# यसरी फेरिँदैछन् सरकारी अस्पताल

# के हो न्यूनतम सेवा मापदण्ड ?

कतिपय मान्छेलाई धेरै शुल्क तिरेपछि राम्रो उपचार हुन्छ भन्ने भ्रम छ। 'सरकारी अस्पतालमा राम्रो उपचार हुँदैन, त्यसका लागि त प्राइभेटमा जानुपर्छ,' भन्ने बुझाइ राख्ने पनि छन्। तर, ती मान्छे वर्षौंदेखि सरकारी अस्पताल गएका छैनन्। किनभने अस्पतालमा हुने उपचार टिलिक्क टल्केको भवन र 'लक्जरी' सुविधामा भर पर्दैन।

ड्रेसिङ गर्दा प्रयोग हुने औजार उचित तरिकाले निर्मलीकरण गरिएको छ वा छैन, त्यसले स्तरीय उपचारको मापन निर्धारण गर्छ। भवन कति भव्य छ, वा कुर्सी नयाँ छ/छैन भन्ने विषय प्रमुख होइन। आज पनि कतिपय जिल्ला अस्पताल २०३५ सालतिर बनेका ढुंगाले छाएका घरमा छन्। तर, सीमित साधनमै अब्बल सेवा दिइरहेका छन्।

ठूला शहरका केही सरकारी अस्पताल नाम चलेका निजी अस्पतालभन्दा राम्रा छन्। केही जिल्ला अस्पताल पनि चलेका निजी अस्पतालभन्दा अब्बल छन्। राम्रो उपचार सेवा दिने निजी अस्पताल नभएका होइनन्, तर न्यून छन्। मापदण्ड नै पछ्याएर स्तरीय उपचार भने निजीभन्दा सरकारी अस्पतालमा नै पाउन सकिन्छ।

विभिन्न शहरका नाम चलेका सरकारी अस्पतालको स्तर राम्रो र निरन्तर सुधारोन्मुख छ। योग्य डाक्टर, अत्याधुनिक उपकरण र औजार, सर्वसुलभ सेवा, खुला ठाउँ लगायतलाई मापदण्ड मान्ने हो भने यी अस्पताल अब्बल छन्। अहिले विशेषज्ञ सेवा दिने तृतीय श्रेणीका केन्द्रीय सरकारी अस्पतालमा पनि न्यूनतम सेवा मापदण्ड लागू भैसकेको छ। ती अस्पतालमा निरन्तर प्रतिस्पर्धात्मक सुधार भइरहेको छ। केहीमा विकृति, विसंगति र अनियमितता होलान्, त्यो पनि समयक्रममा कम हुदै गइरहेको छ।

मैले केही वर्ष स्वास्थ्य सेवा विभागको अस्पताल हेर्ने शाखामा काम गर्ने अवसर पाउँदा अस्पतालहरुको समग्र अवस्था नियाल्न पाएँ। उक्त शाखाको जिम्मामा त्यति बेलाका ५१ देखी २०० शैय्यासम्मका अस्पताल थिए। मैले देशभरका प्रायः सबै निजी अस्पतालमा पनि पुगेर वास्तविक कथा थाहा पाएँ। निजी अस्पताल र सरकारी अस्पतालको सवल र दुर्वल पक्ष, अवसर तथा चुनौती बुझ्न पाएँ।

यो लेख निजी अस्पतालविरुद्ध होइन। त्यहाँ लथालिङ्गमा मात्र छ भन्ने निष्कर्ष पनि होइन। निजी अस्पतालहरुमा ठूलो लगानी छ, रोजगारी छ र देशको ठूलो जनसमूहलाई उपचार सेवा दिइरहेका छन्। तर, निजीमा मात्र राम्रो उपचार पाइन्छ भन्ने भ्रम चिरिनु आवश्यक छ।

दुर्गम गाउँमा उपचार सेवा निजी अस्पतालबाट नभइ सरकारले संचालन गरेका स्वास्थ्य चौकीबाट हुन्छ। ती स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड निर्माणमा पनि म प्रत्यक्ष संलग्न भएँ। अहिले कीर्तिपुर नगरपालिकामा समायोजन भएर काम गरिरहेको छु। यी अनुभवकै आधारमा सरकारी सेवा भरपर्दो रहेको दाबी गर्न सक्छु। पछिल्लो पटक कीर्तिपुरको विष्णुदेवी अस्पतालमा न्यूनतम सेवा मापदण्ड लागू भएको छ।

**के हो न्यूनतम सेवा मापदण्ड ?**

न्यूनतम सेवा मापदण्ड कुनै पनि स्वास्थ्य संस्थाको ऐना हो। यसले स्वास्थ्य संस्थाको वास्तविक अवस्था छर्लङ्ग पार्छ। स्वास्थ्य संस्थाले दिने न्यूनतम सेवा र त्यसको मापनयोग्य न्यूनतम आधार नै न्यूनतम सेवा मापदण्ड हो। यसलाई उच्चतममा बुझ्न हुँदैन। अर्थात्, कुनै संस्थाको सेवा न्यूनतम मापदण्डभन्दा धेरै माथि पनि हुनसक्छ।

न्यूनतम सेवा मापदण्ड उपचारको गुणस्तर निरन्तर वृद्धि गर्ने मार्गदर्शन हो। यसले अस्पताल र स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीलाई आफ्नो संस्थाबाट प्रदान गर्नुपर्ने सेवाबारे प्रष्ट पार्छ। सेवाग्राहीहरुलाई अस्पताल वा स्वास्थ्य संस्थाबाट के कस्तो सेवा लिन सकिन्छ भन्ने स्पष्ट जानकारी दिन्छ। अस्पताल नेतृत्व, व्यवस्थापन र सरोकारवालाहरुलाई अस्पतालको विकास र सुदृढीकरण गर्न प्रेरित गर्छ। मुलतः यसले अस्पतालको कमीकमजोरी पहिचान गरी कार्ययोजना बनाएर कार्यन्वयन गर्न मद्दत गर्छ। नेपालको संविधानको धारा ३५ ले सुनिश्चित गरेको निःशुल्क र गुणस्तरीय आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवासम्बन्धी नागरिक हक कार्यन्वयन गर्न न्यूनतम सेवा मापदण्डले मद्दत गर्छ।

न्यूनतम सेवा मापदण्डमा अस्पताल एवम् स्वास्थ्य संस्थाको तयारी र गुणस्तर मापन गर्ने विभिन्न सुक्ष्म सूचक छन्। सम्बन्धित अस्पतालमा गएरै ती प्रत्येक सूचकको संयुक्त मूल्यांकन गरिन्छ। प्रत्येक सूचकमा तोकिएको सेवाको उपलब्धता र समुचित प्रायोग भएको अवस्थामा एक नम्बर दिइन्छ। उपलब्ध नभएको र उपलब्ध भएता पनि उचित प्रयोग नभएको वा व्यवस्थापन गर्ने काम भैरहेको अवस्थामा शून्य नम्बर दिइन्छ। सरदरमा स्वास्थ्य चौकीस्तरमा करीब ४५० र अस्पतालमा करीब ७५० वटा जति सूचक छन्। ती सूचकको मूल्यांकनपछि प्राप्तांक जोडेर औषतमा अंक निकालिन्छ। यसले अस्पतालको समग्र व्यवस्थापनको नतिजा अंकमा दिने हुँदा स्पष्ट मापन र प्रतिस्पर्धात्मक सुधार हुन्छ।

सबै तहको न्यूनतम सेवा मापदण्डभित्र मुलतः तीन वटा खण्ड छन्। पहिलो खण्डमा सुशासन तथा व्यवस्थापन, दाश्रो खण्डमा क्लिनिकल सेवा व्यवस्थापन र तेश्रो खण्डमा अस्पताल वा स्वास्थ्य संस्था सहयोग सेवा व्यवस्थापन छन्। सुशासन र व्यवस्थापनले २० प्रतिशत, क्लिनिकल सेवा व्यवस्थापनले ६० प्रतिशत र सहयोग सेवा व्यवस्थापनले २० प्रतिशत भार ओगटेका छन्।

**यसरी फेरिँदैछन् सरकारी अस्पताल**

देशभरिका उत्कृष्ट अस्पतालमा सिन्धुली अस्पताल, जिरी अस्पताल, गुल्मी अस्पताल, प्यूठान अस्पताल लगायत छन्। यी अस्पतालले न्यूनतम सेवा मापदण्ड कार्यन्वयन गरेपछि सेवामा व्यापक सुधार आएको छ। न्यूनतम सेवा मापदण्ड लागू भएपछि हेटौंडा अस्पतालको कायापलट भएको छ।



अमृतजंग बस्नेत

हुम्ला, ताप्लेजुङ जस्ता विकट ठाउँका अस्पतालले पनि गुणस्तरीय सेवा दिइरहेका छन्। उता जाजरकोट र रोल्पाका जिल्ला अस्पतालका भौतिक संरचना जीर्ण छन्। तर, न्यूनतम सेवा मापदण्ड लागू गरेर गुणस्तरीय सेवा दिइरहेका छन्। सुनसरीको जिल्ला अस्पताल, इनरुवा र रौतहटको जिल्ला अस्पताल गौरमा पर्याप्त उपकरण र भौतिक संरचना भएर पनि गुणस्तरीय सेवा थिएन। अहिले ती अस्पतालको सेवा पनि सुधार भइरहेको छ।

न्यूनतम सेवा मापदण्डको विकासक्रमको इतिहास त्यति लामो छैन। कुनै समय नेपालमा एउटा वीर अस्पतालले देशको स्वास्थ्य सेवा धानेको थियो। पछि स्वास्थ्य सेवाका अन्य संरचना बन्दै गए। जिल्ला अस्पतालहरु बने, जिल्ला जनस्वास्थ्य कार्यालयहरु बने, केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय र अञ्चल अस्पतालहरु बने। 'युनिभर्सल हेल्थ कभरेज' को मान्यता अनुसार त्यति बेलाका प्रत्येक गाविसमा कम्तीमा उप स्वास्थ्य चौकी, प्रत्येक इलाकामा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथामिक स्वास्थ्य केन्द्र बनाइए। समुदायसम्म स्वास्थ्य सेवाको पहुँच विस्तारको लागि प्रत्येक वडामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तयार गरिए।

आयुर्वेद लगायत अन्य चिकित्सा पद्धतिको पनि विकास र विस्तार हुँदै गयो। मेडिकल कलेज र निजी अस्पतालहरु बन्दै गए। यसरी स्वास्थ्य सेवाको ठूलो संजाल बन्यो। यसो गर्नुको उद्देश्य जनताको घर-आँगन नजिक स्वास्थ्य सेवा पुर्‍याउनु थियो। तर, संरचना बनेर मात्र जनताको घर-आँगन नजिक स्वास्थ्य सेवा पुर्‍याउन नसकिने यथार्थ सरकारले बेलैमा बुझ्न सकने। त्यही कारण २०६४ सालमा गुणस्तरीय स्वास्थ्य सेवा नीति आएपछि स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी विभिन्न कार्यक्रम ल्याइयो। तर, गुणस्तरका कुनै पनि कार्यक्रम अपेक्षाकृत सफल भएनन्, कार्यक्रमका लागि कार्यक्रम भए।

सन् २०१३ मा जिल्ला अस्पताल व्यवस्थापन सम्बन्धी तालिम रामेछाप, दोलखा, प्यूठान र बर्दिया जिल्ला अस्पतलमा सुरु गरियो। त्यही कार्यक्रमको परिधिमा रहेर पहिलो पटक सन् २०१४ मा अस्पतालको न्यूनतम सेवा मापदण्ड तयार गरी परिक्षाणको रुपमा कार्यन्वयन गरियो। पछी उक्त कार्यक्रमलाई अस्पताल सुदृढीकरण कार्यक्रमको रुपमा देशभर संचालन गर्न स्वास्थ्य मन्त्रालय र निक सिमोन्स इन्स्टिच्युट (एनएसआई) बीच सम्झौता भयो।

अस्पताल सुदृढिकरण अन्तरगत एनएसआईसँगको सहकार्यमा देशभर न्यूनतम सेवा मापदण्ड लागू गरियो, जसले अस्पतालमा सुधार गर्नुपर्ने पक्षहरु उजागर गर्दै गयो। अर्कोतर्फ स्वास्थ्य सेवा विभाग मार्फत अस्पताल सुदृढिकरणको लागि अस्पातालकै खातामा सुदृढीकरण बजेट सोझै उपलब्ध गराउन थालियो। यसले जिल्ला अस्पतालहरुको सेवामा सुधार हुन थाल्यो। यो कार्यक्रम नेपालको क्लिनिकल सेवामा अत्यन्तै सफल भयो। त्यही कारण स्वास्थ्य मन्त्रालयले सबै तहका स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागू गर्ने नीति लियो। यसरी स्वास्थ्य चौकीदेखी केन्द्रीयस्तरको विशेषज्ञ अस्पतालसम्ममा न्यूनतम सेवा मापदण्ड तयार भयो। अहिले न्यूनतम सेवा मापदण्ड सोलुको विकट स्वास्थ्य चौकीदेखि वीर अस्पतालसम्म लागू भएको छ।

क्षमता हुनेले निजी अस्पतालमा महंगो शुल्क तिरेर उपचार गर्न सक्छन्। तर, गरीब जनताको बाँच्ने साहारा सरकारी अस्पताल नै हुन्। सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरु सरकारले दिने बजेटबाट चलेका हुन्छन्। यी स्वास्थ्य संस्थाले जनतासँग न्यून शुल्क मात्र लिएर सेवा दिएका छन्। त्यसमा पनि निश्चित समूहलाई छुट दिन व्यवस्था छ।

सरकारी स्वास्थ्य संस्थामा राम्रो काम गर्ने कर्मचारीको आत्माविस्वास माथि उठाउनुपर्छ। निरन्तर अनुगमन र मूल्यांकन हुनुपर्छ। नयाँ उपकरणहरुको पहुँचमा वृद्धि गर्नुपर्छ। र, सबै नागरिकमा सरकारी स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा पाइने आत्मविश्वास जगाउनुपर्छ। स्वास्थ्य खबरबाट



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# दुई बालकको पानीमा डुबेर मृत्यु

**राजविराज**/सप्तरीमा गत साता दुई बालकको पानीमा डुबेर मृत्यु भएको छ।

जिल्लाको रुपनी गाउँपालिका १ रायपुरमा शुक्रबार दिउँसो पोखरीमा डुबेर स्थानीय अवधीराम यादवका ६ बर्षिय छोरा युवराज कुमार यादबको डुबेर ज्यान गएको हो।

आफ्नै घर नजिकको पोखरी किनारमा खेल्दै गर्दा अचानक खुट्टा चिप्लिएर पोखरीमा डुब्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै सप्तकोशी नदीमा डुबेर सोमबार जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित मामाघर आएका एक बालकको डुबेर ज्यान गएको छ।

घर नजिकै सप्तकोशी नदीमा बगेर आउदै गरेको दाउरा छान्ने क्रममा भारतको सुपौल जिल्ला कुनौली ग्राम पञ्चायत ७ निवासी ८ वर्षिय विकास कुमार मुखियाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायक उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

योसँगै प्रहरीले जिल्लामा आर्थिक वर्ष २०७७/७८ मा मात्रै नदी, खोला, पोखरी र खाडलमा डुबेर १४ बालबालिकाको मृत्यु भएको जनाएको छ।

# सिटी स्क्यान मेशिन पुनः संचालनमा



**राजविराज**/केही दिनदेखी बन्द रहेको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको सिटी स्क्यान सेवा गत आइतबारदेखी पुनः संचालनमा आएको छ।

सिटि स्क्यान मेशिन रहेको कोठामा पानी चुहिएर मेशिन बिग्रन गएपछि मर्मत सम्भार पश्चात् पुनः संचालनमा आएको अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन्।

गत मंसिर २५ गते सो सेवा अस्पतालले संचालनमा ल्याएको थियो।

# ४० वटा राँगा प्रहरी नियन्त्रणमा



**राजविराज**/अबैधरुपमा भारतबाट नेपालतर्फ भित्र्याइएको ४० वटा राँगा प्रहरीले नियन्त्रणमा लिएको छ।

सप्तरीको सुरुङ्गा नगरपालिका १० स्थित बलान खोला किनार हुदै मंगलबार बिहान भन्सार छलेर भारतबाट ल्याउदै गरेको ४० वटा राँगा प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

इलाका प्रहरी कार्यालय कडरबोनबाट खटेको प्रहरी टोलीलाई देख्नासाथ राँगा लिएर आउने ब्यक्ती फरार भएको र खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

एक लाख ६० हजार मुल्याङ्कन गरिएको उक्त राँगाहरु मंगलवारै आवश्यक कारवाहीका लागी तिलाठीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

# भन्सार छलेका कुखुराको चल्ला बरामदपछि नष्ट



**राजविराज**/भारतबाट भन्सार छलेर ल्याउँदै गरेको २ हजार ४ सय कुखुराका चल्ला प्रहरीले बरामद गरेको छ।

जिल्लाको खडक नगरपालिका ७ स्थित भारतीय सीमा क्षेत्रबाट भन्सार छलेर मंगलबार राती ल्याउँदै गरेको २ हजार ४ सय थान चल्ला बरामद गरेको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ।

बरामद गरिएको चल्ला प्रहरीले बुधबार नष्ट गरेको कल्याणपुरका प्रहरी निरिक्षक उमाशंकर साहले जानकारी दिएका छन्। जनप्रतिनिधि तथा पशु क्वारेन्टाइनका प्रतिनिधिको रोहबरमा खाल्डो खनेर चल्ला नष्ट गरिएको उनले बताए।

गस्तिमा खटेको प्रहरी टोलीलाई देखेर अवैध रुपमा चल्ला ल्याउने व्यक्ति भने फरार भएको प्रहरीले जनाएको छ।




रुपनी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## सुरक्षा कारबाहीको क्रममा कम्तीमा १०० लडाकू मारिए

**काबुल**/अफगानिस्तानको विभिन्न प्रान्तमा तालिबान लडाकूहरुका विरुद्ध गरेको सुरक्षा कारबाहीमा परी कम्तीमा एक सय तालिबान लडाकू मारिएका छन्। घटनामा परी अरु ९० जना घाइते भएको समेत सुरक्षा स्रोतले शुक्रबार जानकारी दिएको छ।

अफगानको सुरक्षा बलले यहाँको पश्चिमी प्रान्त हेरातमा गरेको कारबाहीमा ५२ जना तालिबान लडाकू मारिएको जनाएको छ। साथै अन्य ४७ जना घाइते भएका छन्।

हेरातकै घोर्यान जिल्लामा १३ लडाकू मारिएका छन् भने अन्य २२ जना घाइते भएका छन्। घटनास्थलबाट सुरक्षाकर्मी{ले लडाकूहरुले प्रयोग गर्ने सवारीसाधन, विस्फोटक पदार्थलगायत नियन्त्रणमा लिएको पनि सरकारी अधिकारीहरूले जनाएका छन्। त्यसैगरी कान्दाहार प्रान्तमा ३६ लडाकू मारिएका छन् भने २० जना घाइते भएका छन्।यस् एजेन्सी

## दक्षिणपूर्वी एशियाको सबैभन्दा धेरै कोरोनाभाइरस मृत्यु दर म्यानमारमा

**म्यानमार**/म्यानमारको सैन्य सरकारले कोरोनाभाइरस सङ्क्रमण र यसका कारण हुने मृत्युलाई नियन्त्रणका लागि सरकारले खास पहल नलिएको आरोप मानबअधिकारकर्मी तथा स्थानीयहरूले लगाएका छन्।

कोरोनाभाइरसका कारण म्यानमारमा मृत्यु दरमा उल्लेख्य बढी आएको भएपनि फेब्रुअरीमा निर्वाचित सरकारलाई नियन्त्रणमा लिएको सैन्य सरकारले महामारीको प्रयोग गरेर शक्ति सुदृढीकरण गर्न र विपक्षीलाई दबाउने गरेको आरोप उनीहरूले लगाएका हुन्।

पछिल्लो सात दिनमा म्यानमारमा मृत्यु दर इन्डोनेसिया र मलेसियाभन्दा बढी रहेको पाइएको छ। पछिल्ला दिनमा दक्षिणपूर्व एशियामा म्यानमार नै महामारीका कारण सबैभन्दा खराब अवस्थाको सामना गरिरहेको मुलुक बनेको छ। देशको स्वास्थ्य सेवा कोभिड-१९ सङ्क्रमित बिरामीहरूका कारण पछिल्लो छोटो समयमा नै निकै प्रभावित बनेको छ।

यहाँ चिकित्सकीय सेवाका लागि आवश्यक पर्ने अक्सिजन आपूर्ति घट्दै गइरहेको र सरकारले धेरै ठाउँमा यसको निजी बिक्रीमा प्रतिबन्धित गरेको छ। सरकार निकट समूहलाई सहयोगका लागि तथा सैन्य अस्पतालहरूमा आपूर्तिलाई केन्द्रित गरिएको यहाँ आन्दोलनरत दल तथा अधिकारबादी समूहले आरोप लगाएका छन्।

यसैबीच अवज्ञा आन्दोलनलाई सहयोग पुऱ्याएको भन्दै सैन्य सरकारका गतिविधि स्वास्थ्यकर्मीहरूलाई निरूत्साहन गर्ने खालका भएको विपक्षी गठबन्धनको आरोप छ। विशेषज्ञ र निजामती कर्मचारीले राज्य प्रशासन परिषद्को नामले चिनिने सरकारी संयन्त्रलाई सहयोग नगरेको आरोप सेनाले लगाएको छ।

संयुक्त राष्ट्र संघका पूर्व म्यानमार मानवाधिकार विज्ञ यान्घी लीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन्, "उनीहरू (सैन्य प्रशासन) ले व्यक्तिगत सुरक्षात्मक उपकरण र मास्क वितरण गर्न रोकेका छन् र लोकतन्त्रका लागि भएका आन्दोलनलाई समर्थन गरेका नागरिकलाई अस्पतालमा उपचारमा समेत असमान व्यवहार देखाएका छन्।" उहाँले थप्नुभयो,"नागरिक अवज्ञा आन्दोलनलाई समर्थन गरेको आरोपमा डाक्टरहरुलाई पक्राउ गर्न मिल्दैन।" एजेन्सी

## अफगानिस्तानी विद्रोही समूहलाई इरानको सहयोग

**काबुल**/अफगानिस्तानका केही राजनीतिज्ञ तथा नागरिक समाजका अगुवाहरूले अफगानिस्तानमा भएका पछिल्ला आक्रमणहरूमा इरानले सहयोग गरेको आरोप लगाएका छन्। अफगानिस्तानमा तालिवान तथा अन्य विद्रोही समूहलाई सहयोग गरेर अशान्ति फैलाउन मद्दत गरेको आरोप इरानमाथि छ।

अफगानिस्तानको पश्चिमी भूगोलमा पछिल्ला केही साताहरूमा भएका आक्रामक हमलामा इरानको विद्रोहीलाई सहयोग रहेको र यसले अफगानिस्तानको शान्तिप्रक्रियामा प्रभाव पार्नसक्ने चेतावनी काबुलमा भएको सरकार निकट नेताहरूले दिएका छन्।

"अफगानी भूमिमा इरानको हस्तक्षेप हाम्रा लागि असह्य रहेको र राष्ट्रिय हित विपरित कुनै पनि बैदेशिक हस्तक्षेप अफगानिस्तानले सहन बाध्य हुने छैनन्।" हामफिकरान राष्ट्रिय गठबन्धनका प्रमुख नेता अब्दुल सम्माद फर्मालीले भन्नुभयो।

पछिल्लो समय सीमा क्षेत्रमा तालिवान समूहको आक्रमण बढिरहेका समय काबुलमा आयोजित भेलामा नेताहरूले हेरातमा रहेको साल्मा बाँधलाई जोगाउन सरकारको ध्यानाकर्षण गराएका थिए। हेरातमा पछिल्लो समय तालिवान गतिविधि बढ्न थालेका छन्।

इरानले अफगानी सङ्कटको लाभ लिँदै अफगानिस्तानको मुख्य पानीको स्रोतहरूमा समस्या सिर्जना गर्न नहुने भेलालाई सम्बोधन गर्दै हक्का अदलत पार्टीका अध्यक्ष मोइन सम्कानाईले बताउनुभयो।अफगानिस्तानबाट अमेरिकी नेतृत्वमा रहेको नेटो सैनिकहरू फिर्ता हुने तयारी भइरहँदा देशभर तालिवान तथा अन्य विद्रोही समूहहरूले सरकारविरोधी आक्रमणलाई तीव्र बनाएका छन्। एजेन्सी

# अमेरिकामा बस्दै आएका नेपालीद्वारा विद्यालयमा कम्प्युटर ल्याब स्थापना



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ कोइलाडीस्थित राजेन्द्र देवकी माध्यमिक विद्यालयमा डिट्रोइट म्याराथुन २०२० र एशोसिएसन अफ नेप्लिजइन मिडवेस्ट अमेरिका (अन्मा) को सहयोगमा शनिबार कम्प्युटर ल्याबको उद्घाटन गरिएको छ।

सो अवसरमा तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह र अन्मा प्रतिनिधी कुन्दन शर्मा मिश्रले संयुक्त रुपमा उक्त ल्याबको उद्घाटन गर्दै अध्यक्ष सिंहले कम्प्युटर ल्याबको स्थापनाले विद्यार्थीहरुलाई सूचना प्रविधिमा पहुँच पुग्ने बताए।

अन्माका प्रतिनिधी मिश्रले विद्यार्थीहरुलाई सूचना प्रविधिमा पहुँच पुऱ्याई दक्ष जनशक्ति उत्पादन गर्नमा मद्दत पुऱ्याउने उद्देश्यले कम्प्युटर ल्याबको स्थापना गरिएको जानकारी दिए।

तेह्रथुम जिल्लाको जलजलेमा जन्मेका अमेरिकामा बस्दै आएका डा. ओम प्रसाद दहालले शुरु गरेका डिट्रोइट म्याराथुन २०२० र एशोसिएसन अफ नेप्लिजइन मिडवेस्ट अमेरिका (अन्मा) को सहकार्यमा विश्वका विभिन्न नौ वटा देशमा बसोबास गर्दै आएका नेपालीसहितका व्यक्तिहरुको सहयोगमा उक्त विद्यालयलाई २० थान कम्प्युटर, एक थान प्रिन्टर र एक थान प्रोजेक्टर शनिबार प्रदान गरिएको छ।

अन्माले सो विद्यालयसँगै सिरहाको जनता चेथरु जितेन माध्यमिक विद्यालयक विलासी र जनता माध्यमिक विद्यालय सुखिपुरलाई गरी ६० थान कम्प्युटर, तीन थान प्रिन्टर र तीन थान प्रोजेक्टर सिरहा-सप्तरी कम्प्युटर ल्याब हस्तान्तरण कार्यक्रम अन्तर्गत प्रदान गरिएको अन्माका प्रतिनिधी कुन्दन शर्मा मिश्रले जानकारी दिएका छन्।

आयोजित कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत राजेशकुमार झा, अन्माका प्रतिनिधी ई. सुरेन्द्र कुमार साह, नेत्र प्रसाद गुरागाई, विद्यालयका प्रधानाध्यापक दिपेन्द्र झासहितकाले कम्प्युटर ल्याबले बालबालिकाको शैक्षिक उन्नयनमा महत्वपूर्ण योगदान पुग्ने बताए। कार्यक्रममा अन्माका प्रतिनिधीहरुलाई विद्यालयको तर्फबाट गम्छा तथा कदर पत्रले सम्मान गरिएको थियो।










**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*